# आर्थिक बर्ष २०७८/७९ मा राष्ट्रिय सूचना आयोगबाट सम्पादित मूख्य मूख्य कार्यहरु

नेपालको संविधानको धारा २७ मा भएको सूचनाको हकसम्बन्धी व्यवस्थाको कार्यान्वयनका लागि स्थापित यस राष्ट्रिय सूचना आयोगले सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि आर्थिक बर्ष २०७८/७९ मा सम्पादित मूख्य मूख्य कार्यहरुको विवरण देहायबमोजिम रहेको छ ।

१ गत आर्थिक बर्षमा यस आयोगमा सार्वजनिक निकायमा सूचना माग गर्दा उपलब्ध नभए पश्चात् जम्मा १ हजार ८१ वटा पुनरावेदन परेकोमा महिलाका तर्फबाट ८ सय ३९ वटा र पुरुषका तर्फबाट २ सय ४२ वटा रहेका छन् । प्राप्त पुनरावेदनमध्ये आयोगबाट १ हजार ७७ वटा पुनरावेदन फछ्र्यौट गरेको छ । अर्थात् ९९.६२ प्रतिशत पुनरावेदन फछ्र्यौट भएको छ ।

२ यस अवधिमा देहायका ४ वटा सार्वजनिक निकायले सूचना उपलब्ध गराउन आदेश गर्दासमेत सूचना उपलब्ध नगराएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही गरिएको छ । २०७६ कार्तिकसम्म जम्मा २१ जनालाई कारवाही भएकोमा पछिलो २ वर्षको अवधिमा ११ जनालाई कारवाही भई हालसम्म ३२ जनामाथि आयोगबाट कारवाही भएको अवस्था छ ।

- पद्मकन्या बहुमुखी क्याम्पसका कार्यालय प्रमुख डा. धन प्रसाद पण्डितलाई १५ हजार
- पशुपति क्षेत्र विकास कोषका कार्यालय प्रमुख डा. घनश्याम खतिवडलाई रु. १५ हजार
- धरान उपमहानगरपालिकाका कार्यालय प्रमुख लक्ष्मी प्रसाद पौडेललाई रु. १० हजार
- राजपुर नगरपालिकाका कार्यालय प्रमुख बैजु ठाकुरलाई रु. १० हजार

३ तराई, मधेश र थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरुको सत्यतथ्य छानविनसम्बन्धी गठित उच्चस्तरीय छानविन आयोग, २०७३ को प्रतिवेदन उपलब्ध गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आदेश भएको छ ।

४ ३३ किलो सुन लगायत विषयमा गठित विशेष अनुसन्धान टोलीको प्रतिवेदन सार्वजनिक गर्न गृह मन्त्रालयलाई आदेश भएको छ ।

५ सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको जिम्मेवारी भएकोले सबै सार्वजनिक निकायलाई प्रत्येक बर्ष छुट्टै बजेट तथा कार्यक्रम राख्न आदेश भएको छ ।

६ आत्महत्या सम्बन्धी तथ्याङ्कको महत्वलाई ध्यानमा राखी नियमित रुपमा तथ्याङ्क अध्यावधिक गर्न र सार्वजनिक गर्न प्रहरी प्रधान कार्यालयलाई आदेश गरिएको छ ।

७ सार्वजनिक खरीदको आकार बढ्दै गइरहेको र समय समयमा भ्रष्टाचार तथा अनियमितता भइरहेको विषय बाहिर आउने गरेको सन्र्दभलाई ध्यानमा राखी सबै सार्वजनिक निकायलाई सार्वजनिक खरीद प्रक्रिया र क्रियाकलापलाई अधिकतम रुपमा पारदर्शी बनाउन निर्देशन दिइएको छ ।

८ स्थानीय तहको निर्वाचनपश्चात् निर्वाचित पदाधिकारीहरुलाई सूचनाको हक कार्यान्वयनका लागि ११ बुँदे निर्देशन दिइएको छ ।

९ सूचना आयुक्तहरुको अन्तर्राष्ट्रिय संगठन 13th Edition of the InternationalConference of Information Commissioners (ICIC)को बैठक मेक्सिकोको Puebla शहरमा जुन २२ देखि २४

मा सम्पन्न भएको र उक्त बैठकमा नेपालको तर्फबाट प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्ग र सचिव भागिरथ पाण्डेयको सहभागिता रहेको ।

१० आर्थिक बर्ष २०७७।७८ को बार्षिक प्रतिवेदनमा १३ बुँदे सुझाव प्रस्तुत गरिएको ।

११ यस अवधिमा ८ वटा जिल्ला- प्युठान, महोत्तरी, मनाङ, कैलाली, रुकुम पश्चिम, पाँचथर, खोटाङ, रुकुमपूर्व; ५ वटा स्थानीय तहहरु- थाहानगरपालिका, धनगढीमाई नगरपालिका, भीमदत्त नगरपालिका, व्यास नगरपालिकामा अभिमुखीकरण कार्यक्रम सम्पन्न भए । ती कार्यक्रममार्फत् ९ सय ३७ पुरुष र १ सय ४८ महिलालाई सूचनाको हकका बारेमा अभिमुखीकरण गरिएको छ ।

१२ आयोगको स्थापना दिवस, सूचना दिवस, सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस, सूचनाको हकमा महिला सहभागिता : चुनौती र अवसर विषयक राष्ट्रिय गोष्ठी, उच्च अदालतका न्यायाधीशहरुसँग अन्तरक्रिया कार्यक्रम, सूचनाको हक कार्यान्वयनमा संसदीय समितिको भूमिका, निर्वाचन प्रक्रियामा सही सूचना विषयक अन्तरक्रिया कार्यक्रम, खुल्ला शासन विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम, पोखरा, खुल्ला शासन विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम, बुटवल, नेपाल पत्रकार महासंघमार्फत् सूचनाको हकसम्बन्धी ३ वटा अन्तरक्रिया कार्यक्रम, सूचनाको हकसम्बन्धी राष्ट्रिय सञ्जालबाट सूचनाको हकसम्बन्धी २ वटा कार्यक्रम सम्पन्न गरिएको छ ।

१३ यस आयोगको लागि कूल बजेट रु. ५ करोड २ लाख २५ हजार बिनियोजन भएकोमा खर्च रु ४ करोड ४५ लाख ५० हजार १७१ भएको छ । आयोगको बेरुजु शून्य रहने गरेको छ ।